नेपाल सरकार

भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय

# भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय, दोलखा

फोन : ०४९-४२१११९
फ्याक्स : ०४९-४२१०८२
email:
dolakha@dolma.gov.np

## नामसारी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना !

मिति:-२०८२/०८/२२

दोलखा जिल्ला साविक डाँडाखर्क गा.वि.स. वडा नं. ५ बस्ने धनवलको नातीनी पृथीमानको छोरा धनमाया मगरका नाममा दर्ताश्रेस्ता कायम रहेको दोलखा जिल्ला साविक डाँडाखर्क गा.वि.स. वडा नं. ५ को कि.नं. ७७३, ७९८, ८०५ र ऐ.ऐ. वडा नं. ६ को कि.नं. ४४, ५१, ५३, ५९ का जग्गा नामसारीका लागि नरसिं बहादुर मगरको बुहारी पदम बहादुर मगरको श्रीमती मिश्रीमाया मगरले निवेदन पेश गरेकोमा निजले पेश गरेका कागजातहरुको आधारमा जग्गाधनी धनमाया मगरको मिति २०७९/०२/०७ मा अविवाहित अवस्थामा मृत्यु भएको, निजको शेष पछि हकखाने सबैभन्दा नजिकको हकवाला बुबा पृथिमान मगरको मिति २००३/०९/०५ मा र आमा कालिमाया मगरको मिति २००९/०८/०३ मा मृत्यु भएको, मृतक पृथिमान मगर र कालिमाया मगरबाट एक छोरा नरसिं बहादुर मगर र एक छोरी जग्गाधनी धनमाया मगर (मृतक) को जायजन्म भएकोमा नरसिं बहादुर मगरको मिति २००३/०७/०५ मा मृत्यु भएको, निजको सबैभन्दा नजिकको हकवाला एकमात्र श्रीमती नरमाया मगरको पनि मिति २०३०/०८/०५ मा मृत्यु भएको, मृतक दम्पत्तिबाट एक छोरा पदम बहादुर मगरको जायजन्म भएको छोरीको जन्म नभएकोमा पदम बहादुर मगरको पनि मिति २०६६/०१/०४ मा मृत्यु भएको, निजको शेषपछि हकखाने एकमात्र श्रीमती मिश्रिमाया मगर रहेकोले मृतक जग्गाधनीको सबैभन्दा नजिकको हकवाला भदैनी बुहारी रहेको र निजलेनै मृतकहरुलाई बाँचुन्जेल पालनपोषण र मृत्यु पश्चात सामाजिक परम्परा अनुसार काजकृया समेत गरेको र हकवाला पनि निज मिश्रिमाया मगर हुन भनी मेलुङ गाउँपालिका ५ नं. वडा कार्यालयको चलानी नम्बर ३९३ मिति २०८२/०८/१६ को किटानी सिफारिस र सर्जमिन समेत संलग्न राखी आफ्नो नाममा नामसारी गर्न मिश्रीमाया मगरले निवेदन पेश गरेकोले निवेदकले नामसारी गर्न माग गरेका उल्लिखित जग्गामा कसैको हकदावी छ वा छैन ?, कसैको हक जान्छ की ?, कुनै कसैलाई असर पर्छ की ? , सो सन्दर्भमा जानकारीको लागी यो ३५(पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तसर्थ यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेकको ३५(पैतिस) दिन भित्र आफ्नो हक दावीको प्रमाण साथ वा कानुन बमोजिम वारेस लिई यस कार्यालयमा उपस्थित हुन आउनुहोला । अन्यथा माग बमोजिम उक्त जग्गा नामसारी भई गएपछि कुनै किसिमको उजुर वाजुर लाग्ने छैन, भनी यसै सूचनाद्वारा सबैमा जानकारी गराईन्छ ।